# विद्यालय अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः**

डिलासैनी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी डिलासैनी गाउँ कार्यपालिकाले नेपालको संविधानको अनुसुची ८ को क्रमसंख्या ८ मा रहेको अधिकारको प्रयोग र कार्यान्वयनका लागि मिति २०७५।०८।२२ को बैठकबाट स्वीकृत गरी यो डिलासैनी गाउँपालिकाको विद्यालय अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ जारी गरेको छ ।

१. **कार्यविधिको नामः** (१) यो कार्यविधिको नाम "डिलासैनी गाउँपालिकाको विद्यालय अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" रहेकोछ

२. **कार्यविधि लागू हुनेः** (१) यो कार्यविधि डिलासैनी गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

३. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) विद्यालय भन्नाले डिलासैनी गाउँपालिकाको क्षेत्रभित्र रहेको नेपाल सरकारको अनुमतिप्राप्त सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ख) शिक्षा समिति भन्नाले नियमावलीको नियम २४ बमोजिम गठित गाउँपालिका शिक्षा समिति सम्झनुपर्छ ।

(ग) नियमावली भन्नाले डिलासैनी गाउँपालिकाको शिक्षा नियमावली, २०७५ सम्झनुपर्छ ।

(घ) गाउँपालिका भन्नाले डिलासैनी गाउँपालिका सम्झनुपर्छ ।

(ङ) गाउँ कार्यपालिका भन्नाले डिलासैनी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) शिक्षक सेवा आयोग भन्नाले नेपाल सरकारको शिक्षक सेवा आयोगलाई  जनाउनेछ ।

(छ) अनुदान भन्नाले दफा ५ (२) बमोजिम गाउँपालिकाले आन्तरिक श्रोतबाट विद्यालयलाई उपलब्ध गराउने अनुदान रकम सम्झनुपर्छ ।

(च) विद्यालय व्यवस्थापन समिति भन्नाले नियमावलीको नियम २६ बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

४. **<u>कार्यविधिको उद्देश्य:</u>** (१) दक्ष शिक्षक जनशक्तिको माध्यमबाट डिलासैनी गाउँपालिकाका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु यस कार्यविधिको उद्देश्य रहेको छ ।

५. **विद्यालयलाई दिइने अनुदानसम्बन्धी व्यवस्था** (१) संघीय सरकारबाट स्थानीय तहमार्फत विद्यालयहरुमा जाने सशर्त अनुदान नेपाल सरकारको कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम हुनेछ र यस कार्यविधिमा लेखिएका कुराहरुले सो अनुदानको वितरण प्रक्रियामा कुनै असर गर्ने छैन ।

(२) डिलासैनी गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुलाई शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गरे बराबरको संख्यामा थप शिक्षकको सेवा करारमा लिनका लागि आवश्यक पर्ने रकम आफ्नो आन्तरिक श्रोतबाट बेहोर्ने गरी विद्यालयलाई अनुदान दिन सक्नेछ ।

(३) गाउँपालिकाबाट दिइने थप अनुदान रकम करारमा लिइएका शिक्षकको पारिश्रमिकमा मात्र खर्च गर्न पाइनेछ ।

६. **<u>शिक्षकको सेवा करारमा लिनेसम्बन्धी व्यवस्था</u>** (१) यो कार्यविधि प्रारम्भ भएको मितिले पहिलोपल्ट २ महिनाभित्र र करारमा रहेको शिक्षकको पद रिक्त भएको अवस्थामा पद रिक्त भएको मितिले १ महिनाभित्र अनुदान प्राप्त गर्ने विद्यालयले शिक्षकको सेवा करारमा लिईसक्नु पर्नेछ ।

(२) गाउँपालिकाबाट प्राप्त अनुदान कोटामा विद्यालय व्यवस्थापन समितिको सिफारिसमाथि शिक्षा समितिले गरेको निर्णय बमोजिमको विषयको शिक्षकको सेवा करारमा लिइनेछ ।

(३) शिक्षकको सेवा करारमा लिंदा विद्यालयले तपशिल बमोजिमको करार शिक्षक छनौट समितिको सिफारिसका आधारमा लिनु पर्नेछ ।

| | |
|---|---|
| गाउँपालिकाको शिक्षा शाखाको प्रमुख (अधिकृतस्तर) | संयोजक |
| गाउँपालिकाले तोकेको सम्बन्धित विषयको विज्ञ | सदस्य |
| सम्बन्धित विद्यालयको प्रधानाध्यापक | सदस्य सचिव |

(४) करार सेवामा शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम र मापदण्डको प्रयोग गरिने छ ।

तर, गणित र विज्ञान विषयको शिक्षकको सेवा करारमा लिंदा अध्यापन अनुमति पत्र नभए पनि यस्ता उम्मेदवार योग्य हुनेछन् ।

(५) अध्यापन अनुमति पत्र नभइ करार सेवामा भर्ना भएका गणित र विज्ञान विषयका शिक्षकले यो कार्यविधि लागू भएपछिको पहिलो विज्ञापनमा सहभागी भई शिक्षक सेवा आयोग बाट अनिवार्य रुपमा अध्यापन अनुमति पत्र लिनुपर्नेछ अन्यथा यस्तो अवधि व्यतीत भएपछि उनीहरुको करार स्वतः भंग हुनेछ ।

(६) शिक्षक सेवा आयोगको मापदण्डमा जुनसुकै कुरा लेखिएको भए पनि विक्रम संवद् २०७० सालभन्दा अघि सम्बन्धित विद्यालयको स्रोतबाट सेवासुविधा पाउने गरी नियुक्त भई हालसम्म अविच्छिन्न रुपमा सोही विद्यालयमा कार्यरत शिक्षकहरुले अन्य आवश्यक मापदण्ड पुरा गरेको हकमा मौखिक परीक्षामा प्रति शैक्षिक सत्र २ अंकका दरले बढीमा १० अंक प्राप्त गर्ने छन् ।

(७) उपदफा ६ बमोजिमको अंक प्राप्त गर्ने सम्भावित उम्मेदवारहरु शिक्षक सेवा आयोगले निर्धारण गरेको सेवा प्रवेशको न्युनतम उमेर पुरा गरेका भएमा ६० वर्ष उमेर पुरा नहुँदासम्म दरखास्त दिन योग्य हुनेछन् ।

(८) उपदफा ६ बमोजिम अंक प्राप्त गर्ने सम्भावित उम्मेदवारहरुले अनिवार्य रुपमा सम्बन्धित विद्यालयबाट सेवा प्रमाणितको कागजात पेश गर्नु पर्नेछ ।

(९) उपदफा ६ बमोजिम अंक प्राप्त गर्ने सम्भावित उम्मेदवारहरुमध्ये स्थायी अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरुले डिलासैनी गाउँपालिकाको शिक्षा शाखाबाट तोकिएबमोजिमको प्रक्रिया पुरा गरी बढीमा ३ वर्षसम्म वैध रहने गरी अस्थायी अध्यापन अनुमति पत्र प्राप्त गर्न सक्नेछन् । यसरी अस्थायी अध्यापन अनुमति पत्र लिई करार सेवामा नियुक्त हुने शिक्षकहरुले अनिवार्य रुपमा ३ वर्ष पछि शिक्षक सेवा आयोगबाट स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरी पेश गर्नु पर्नेछ । अन्यथा निजहरुको करार स्वतः भंग हुनेछ ।

७. **अनुदान रोक्कासम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकार वा प्रदेश सरकार वा अन्य निकायबाट शिक्षकको स्थायी दरबन्दी प्राप्त भएमा वा गाउँपालिकाले नियमावलीमा तोकेको अनुदान प्राप्त गर्ने न्युनतम मापदण्ड पुरा नगरेकोमा वा यस कार्यविधिको उद्देश्य बमोजिम शैक्षिक गुणस्तर सुधार गर्ने लक्ष्य प्राप्त नभएमा वा करार सेवामा भर्ना भएका शिक्षकहरुको कामकारवाही सन्तोषजनक नभएको देखिन आएमा गाउँपालिकाले यस कार्यविधि बमोजिम विद्यालयलाई उपलब्ध गराउेन अनुदान रोक्का गर्नेछ ।

८. **संशोधन र बाधा अडकाउ फुकाउ** (१) यस कार्यविधिमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।